आज मिति २०८१/०८/०६ गते दिनको ०३:०० बजे यस इस्मा गाउँपालिका अध्यक्ष श्री भगत सिंह खड्काज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिम उपस्थिति रहि तपसिलका प्रस्ताव उपर छलफल गरि निम्नानुसारका निर्णय गरियो।

| क्र.सं. | वडा | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | - | श्री भगत सिंह खड्का | अध्यक्ष | |
| २ | - | श्री पार्वती कुँवर | उपाध्यक्ष | |
| ३ | १ | श्री शेर बहादुर कुँवर | सदस्य | |
| ४ | २ | श्री लोकनाथ आचार्य | सदस्य | |
| ५ | ३ | श्री ज्योतिराज कुँवर | सदस्य | |
| ६ | ४ | श्री राजु बस्नेत | सदस्य | |
| ७ | ५ | श्री झविन्द्र अर्याल | सदस्य | |
| ८ | ६ | श्री ढाल बहादुर कुँवर | सदस्य | |
| ९ | १ | श्री रेनुका विष्ट क्षेत्री | सदस्य | |
| १० | २ | श्री सुनिता विश्वकर्मा | सदस्य | |
| ११ | २ | श्री डोल बहादुर सार्की | सदस्य | |
| १२ | ५ | श्री टिका कुमारी घर्ती (कुँवर) | सदस्य | |
| १३ | ५ | श्री बसन्त सुनार | सदस्य | |
| १४ | ६ | श्री खगिसरा पोखेल | सदस्य | |
| १४ | - | विबेक रणपाल परीयार | सदस्य- सचिव | |
| | | अन्य उपस्थिति | | |
| १ | | नारायण महत | प्रमाणन शाखा प्रमुख | |
| २ | | शिवमानन्द अधिकारी | का. स. | |
| | | | | |

प्रस्तावहरुः-

प्रस्ताव नं. १ वैदेशिक भ्रमण सम्बन्धमा।

प्रस्ताव नं. २ आ.व. २०८१।०८२ को योजना कार्यान्वयन सम्बन्धमा।

प्रस्ताव नं. ३ कार्यविधि सम्बन्धमा।

प्रस्ताव नं. ४ सडक बोर्डको योजना छनौट सम्बन्धमा।

प्रस्ताव नं. ५ शाखा प्रमुख जिम्मेवारी सम्बन्धमा।

प्रस्ताव नं. ६ विविध सम्बन्धमा।

भगत सिंह खड्का

Scanned with CamScanner

निर्णयहरु:-

निर्णय नं १- यस अघिको कार्यपालिका वैठकका निर्णय उपर छलफल गर्दा कार्य सन्तोषजनक रहेको निर्णय गरियो।

निर्णय नं २- ovor कार्यक्रममा यस आर्थिक वर्षमा विनियोजित रकम अपुग रहेको हुँदा ovor कार्यक्रममा रहेका करारका कर्मचारीलाई पुस १ गते देखि काम काजमा नलगाउने गरी म्याद थप नगर्ने भनी मिति २०८१।६।८ गतेको कार्यपालिका निर्णय गरिएकोमा नवराज भण्डारीले आन्तरिक प्रतिस्पर्धामा सहुलियत तथा स्वइच्छाले स्वयंयम्सेवकको रुपले पारिश्रमिक दावी नगर्ने गरी काम गर्छु भनी निवेदन पेश गरेको सन्दर्भमा निजलाई सेवाबाट अविछिन्न नगराई निजको सेवालाई निरन्तरता प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं ३-, आ व २०८१।८२ को वार्षिक स्विकृत कार्यक्रम संघीय सरकारवाट हस्तान्तरित पशुपन्छी विपद् पुर्नस्थापना कार्यक्रममा विनियोजित रु २०,००,००० (अक्षेरेपी बीस लाख रुपैया) कार्यक्रम कार्यान्वयनका लागि प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरिय कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी २०८१ अनुसार सञ्चालन गर्न सकिने क्रियाकलाप मध्ये कार्यविधिले तोकेका कार्यका लागि १५ दिने सूचना आवहान गर्ने।यस विषयमा कार्यदल गठन गर्ने प्रयोजनका लागि

संयोजक श्री शेर बहादुर कुँवर
सदस्य श्री लोकनाथ आचार्य
सदस्य श्री सुनिता विश्वकर्मा
सदस्य श्री हरि घिमिरे
सदस्य सचिव श्री पशु शाखा प्रमुख

रहने गरी कार्यदल गठन गर्ने निर्णय गरियो।साथै सोही कार्यदलले प्रदेश स्तरिय शसर्त कार्यक्रम फलफूल प्रवर्द्धन कार्यक्रमका लागि पनि सदस्य सचिव कृषि शाखा प्रमुख रहने गरी आवश्यक सहजिकरण गर्ने गरि निर्णय गरियो।

निर्णय नं ४- एक घर एक धारा कार्यक्रम अन्तर्गत कडेनी, वसेनी विष्टकाचौर खानेपानी वडा नं १,पालुखा ठूलाखोला खानेपानी इस्मा २, चापटारी दमारा खानेपानी वडा नं ५, अधेरी पैयापाटा हुल वडा नं ४, ढोवला खानेपानी वडा नं ६, यसमा प्रयोग गरिने पाइप मिटर समेत व्यवस्थापन हुने गरी सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं ५- इस्मा गाउँपालिकाको व्याकहो लोडर सञ्चालन सम्बन्धि कार्यविध्रि २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

भगत सिंह खड्का
अध्यक्ष

Scanned with CamScanner